जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २५७ २०८२ साल जेठ २ गते शुक्रबार (16 May 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बेरूजु निरन्तर बढ्दो, ... ३ पृष्ठमा : हिमाल बचाउ अभियानका ... ३ पृष्ठमा : दक्षिणी गाजा सहरमा ...

# राजनीतिक स्थिरताका लागि वर्तमान सरकार : गृहमन्त्री लेखक




**दैनिक समाचारदाता राजविराज, १ जेठ ।**

गृहमन्त्री रमेश लेखकले काँग्रेस एमाले मिलेर देशमा राजनीतिक स्थिरता कायम गर्न सरकार बनाएको बताएका छन् ।

देशमा स्थिर सरकार बनेकै कारण अहिलेको प्रधानमन्त्रीलाई प्रत्येक ३/३ महिनामा विश्वासको मत लिनु नपरेको र अविश्वासको प्रस्ताव पनि नआएको बताए ।

नेपाल पत्रकार महासंघ सप्तरीले राजविराजमा बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै लेखकले एमालेसंग सरकार बनाएको १० महिनामा देश आर्थिक समृद्धि तर्फ अगाडी बढेको जानकारी दिए ।

"यो मैले भनेको होईन, राष्ट्र बैंकले जारी गरेको प्रतिवेदनको आधारमा भनेको हुँ" उनले भने, "एमालेसँग सरकार बनेको १० महिनाको समयमा अवस्थामा अहिले परिवर्तन भएको छ ।"

१० महिनाको अवधीमा सरकारले बैदेशिक मुद्राको संचितीमा बृद्धि, राजश्व संकलनमा सुधार, आयात घटाएर निर्यातमा बृद्धि सँगै बजार मुल्य नियन्त्रणमा समेत उल्लेखनीय काम गरेको उनको भनाई छ ।

सरकार बनेको १० महिनामा आर्थिक स्थितिमा सुधार ल्याउँदै धरै कानुनहरु बनेको यसले संविधानको कार्यान्वयन हुनुका साथै संघीयतालाई बलियो बनाउने गृहमन्त्री लेखकले विश्वास व्यक्त गरे ।

केही मानिस र समुहले देशमा निराशाको खेती गर्दै दिनहुँ सरकार ढल्ने प्रचारवाजी गरिरहेकोले त्यसमा कुनै सत्यता नरहेको उल्लेख गर्दै उनले काँग्रेस एमालेबीच कुनै विवाद नरहेकोले हल्लाको पछि नलाग्न आग्रह गरे ।

वर्तमान सरकार जनतामा छाएको निराशालाई चिरेर आशाको किरण दिन गठन भएको भन्दै उनले देशका हरेक समस्या क्रमिक रुपमा समाधान गर्न आफुहरु क्रियाशिल रहेको जनाए । नेपाली काँग्रेस र एमाले बीच भएको ७ बुंदे सहमती अनुसार नै सरकार अघि बढेको भन्दै उनले सरकार संचालनमा कुनै पनि बाधा, अडचन र आपसी मतभेद नरहेका स्पष्ट पारे ।

नेपाल राष्ट्र बैंकको गर्भनर नियुक्तीमा भईरहेको ढिलाई बारे संचारकर्मीहरुले राखेको जिज्ञासाको जवाफमा उनले चाडै गर्भनर नियुक्ती हुने जनाए । "अबको केही दिनभित्रै गर्भनर नियुक्तको प्रक्रिया टुङ्गयाईने छ" उनले भने ।

पत्रकार सम्मेलनमा प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादव, नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साह, पत्रकार महासंघ सप्तरीका सभापती श्रवण कुमार देव लगायतको पनि उपस्थिती रहेको थियो ।

# नाबालिका बलात्कार गरेको आरोपमा नाबालक पक्राउ

**दैनिक समाचारदाता राजविराज, १ जेठ ।**

नाबालिकासँग बलात्कार गरेको ओरापमा एक नाबालक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका ३ लक्ष्मीपुरका १६ वर्षिय नाबालक छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले बिहीबार सार्वजनिक गरेको घटना विवरण अनुसार गत बैशाख १३ गते उक्त वडा नजिकैको लक्ष्मीपुर वन क्षेत्रमा काठ दाउरा संकलन गर्न पुगेकी १३ वर्षिय किशोरीलाई १६ वर्षिय किशोरले जबरजस्ती करणी गरेका थिए ।

पीडित किशोरीले वन क्षेत्रमा काठ दाउरा संकलन गर्दै गर्दा अचानक पुगेका ती किशोरले सुरुमा प्रलोभन देखाई शारीरिक सम्बन्धको प्रयास गरेको र सो प्रस्ताव अस्विकर गर्दा मुख थुनेर बलात्कार गरेको प्रहरी समक्ष बयान दिएकी छिन् ।

बलात्कारीले कसैलाई यो बारे भने आफूलाई ज्यानै मारिदिने धम्की समेत दिएको पीडित किशोरीले प्रहरीलाई बताएकी छिन् ।

घटनापछी फरार भएका किशोरलाई बैशाख २७ गते प्रहरीले पक्राउ गरेको थियो । पीडित किशोरीको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा स्वास्थ्य परिक्षण तथा उपचार गराइएको छ भने पक्राउ परेका ती किशोरलाई सप्तरी जिल्ला अदालतबाट म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# बिदामा पनि पठनपाठन गर्न शिक्षा मन्त्रालयको अनुरोध

काठमाडौँ, १ जेठ (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलले विद्यालयको अनुकूलताअनुसार हिउँदे अथवा वर्षे बिदाको अवधिमा पनि पठनपाठन गर्न सामुदायिक विद्यालयलाई अनुरोध गरेको छ ।

मन्त्रालयले विज्ञप्ति जारी गर्दै विस २०८१ चैत महिनामा सञ्चालन गरिएको शिक्षक तथा कर्मचारीको काठमाडौँ केन्द्रित आन्दोलनका कारण सामुदायिक विद्यालयका विद्यार्थी भर्ना एवं पठनपाठनलगायत कार्यमा पर्न गएकाले यस्तो अनुरोध गरेको जनाएको छ ।

मन्त्रालयले महासङ्घको प्रतिबद्धतासमेतका आधारमा आवश्यक व्ययस्था मिलाउन सम्पूर्ण सामुदायिक विद्यालयलाई अनुरोध गरेको उल्लेख गरेको छ । "पेसागत आन्दोलनका कार्यक्रममा शिक्षक तथा कर्मचारीको सहभागिताका कारण विद्यालयमा अनुपस्थितिलगायतका सवालको व्यवस्थापन गर्दै शिक्षकको मनोबल उच्च राख्दै विद्यालयको प्रशासकीय प्रबन्ध

*बाँकी अन्तिम पृष्ठमा*

# निलम्बन हुने सांसदको संख्या तीन

**दैनिक समाचारदाता राजविराज, १ जेठ ।**

प्रतिनिधिसभामा निलम्बन हुने सांसदको संख्या तीन पुगेको छ । टेरामक्स खरिद प्रकरणमा बिहीबार नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री मोहनबहादुर बस्नेतविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएसँगै प्रतिनिधिसभामा निलम्बन हुने सांसदको सङ्ख्या तीन जना पुगेको हो ।

फौजदारी अभियोगमा मुद्दा दायर भएपछि यसअघि नेकपा एमाले सचिवसमेत रहेका सांसद टोपबहादुर रायमाझी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिसमेत रहेका सांसद रवि लामिछाने निलम्बनमा छन् । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की सांसद गीता बस्नेत फरार छिन् ।

**मानव बेचबिखनजन्य कार्यहरु**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्रि गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्थानीय तहको सेवा प्रवाहमा पारदर्शिता आवश्यक

योजना निर्माणदेखि सेवा प्रवाहसम्म स्थानीय तहको भूमिका अत्यन्तै महत्वपूर्ण छ । तर पछिल्लो समय देशभरका धेरै स्थानीय तहहरूमा पारदर्शिता र जवाफदेहिताको प्रश्न उठ्न थालेको छ । विकास योजनामा स्थानीय सहभागिता न्यून, बजेटको असमान वितरण, र सेवामा ढिलासुस्ती जस्ता गुनासाहरू सर्वसाधारणले बारम्बार उठाइरहेका छन् । पारदर्शिता भनेको नागरिकलाई राज्यका काम-कारबाही देखिने बनाउनु हो । जब नागरिकले आफूसँग प्रत्यक्ष सरोकार राख्ने निर्णय, योजना, बजेट, र सेवा विवरण सजिलै थाहा पाउँछ, तब मात्र विश्वास र उत्तरदायित्वको वातावरण बन्न सक्छ ।

तर अधिकांश स्थानीय तहमा वेबसाइट अद्यावधिक छैनन्, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण औपचारिकतामा सीमित छन् र सूचना अधिकारीको भूमिका कमजोर देखिन्छ । यसका लागि सूचना प्रविधिको प्रयोग, नागरिक सहभागिता, र नियमित सामाजिक उत्तरदायित्वका अभ्यासहरू अपरिहार्य छन् । सूचना माग्दा झन्झट हुने अवस्था अन्त्य गर्न सूचना अधिकारीलाई थप जिम्मेवार बनाइनु पर्छ । बजेट र योजनाको विवरण सजिलै बुझ्न मिल्ने भाषामा सार्वजनिक गरिनुपर्छ । अनि मात्र नागरिकले सेवा प्रवाहमा निगरानी गर्न सक्छन् ।

स्थानीय तह लोकतन्त्रको अभ्यास स्थल हो । पारदर्शिता र जवाफदेहिता कायम नगरिने हो भने स्थानीय शासनप्रतिको भरोसा खस्कन्छ । तसर्थ अब स्थानीय सरकारहरूले जनताको विश्वास जित्ने गरी खुला, जवाफदेही र समावेशी प्रशासन प्रणाली अपनाउनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# बेरूजु निरन्तर बढ्दो, राजस्व छुटको तथ्याङ्क संसद्मा पेस गरेर पारदर्शिता कायम गर्न सुझाव

काठमाडौं, १ जेठ (रासस) ।

महालेखापरीक्षकको ६२औं वार्षिक प्रतिवेदन २०८२ सार्वजनिक भएको छ । तीनवटै तहका सरकार र तिनको मातहतमा रहेका सार्वजनिक निकाय तथा सङ्गठित संस्थाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणबाट देखिएको बेरूजुको स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति तथा भविष्यमा गर्नुपर्ने सुधारलगायतका विषय समेटेर प्रतिवेदन सार्वजनिक गरिएको हो । महालेखापरीक्षक तोयम रायाले बुधबारै उक्त प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुभएको थियो ।

महालेखापरीक्षकको ६२औं प्रतिवेदनअनुसार सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरूजु रू सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख बराबर छ । अद्यावधिक बेरूजु गत वर्षकोभन्दा ९ दशमलव ४५ प्रतिशतले बढेको छ ।

त्यस्तै, अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम रू पाँच खर्ब ५१ अर्ब एक करोड गरी कूल रू १२ खर्ब ८४ अर्ब २० करोड बराबर पुगेको हो । यसरी हालसम्मको कूल बेरूजु रू १२ खर्ब ८४ अर्ब २० करोड नाँघेको छ । प्रतिवेदनअनुसार पछिल्लो एक वर्ष अर्थात् आर्थिक वर्ष २०८०/८१ मा मात्रै रू ९१ अर्ब ५९ करोड ७९ लाख बराबर बेरूजु थपिएको छ ।

यो वर्ष सङ्घीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेतको रू ९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न भएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ । लेखापरीक्षणबाट विभिन्न सैद्धान्तिक बेरूजुका अतिरिक्त रू ९१ अर्ब ६० करोड लगती बेरूजु देखिएको छ । सोमध्ये तीन हजार ९३ सङ्घीय सरकारी कार्यालयको रू ३१ खर्ब छ अर्ब १६ करोड लेखापरीक्षणबाट रू ४७ अर्ब ७४ करोड अर्थात् एक दशमलव ५४ प्रतिशत बेरूजु देखिएको छ ।

प्रदेशतर्फ एक हजार १६५ कार्यालयको रू तीन खर्ब आठ अर्ब ५६ करोडको लेखापरीक्षणबाट रू चार अर्ब २० करोड अर्थात् एक दशमलव ३६ प्रतिशत देखिएको छ ।

त्यसैगरी स्थानीय तहतर्फ यस वर्षको ७५३ र बक्यौता आठसमेत कूल ७६१ को रू ११ खर्ब १८ अर्ब ४६ करोडको लेखापरीक्षणबाट रू २५ अर्ब ३२ करोड अर्थात् दुई दशमलव २६ प्रतिशत बेरूजु देखिएको छ । समिति र अन्य संस्थातर्फ ६९५ निकायको रू पाँच खर्ब २२ अर्ब १३ करोडको लेखापरीक्षण भएकामा रू १४ अर्ब ३३ करोड बेरूजु कायम भएको छ ।

त्यसैगरी, ४३ सङ्गठित संस्थाको ४५ आय वर्षको रू ४४ खर्ब सात अर्ब पाँच करोडको लेखापरीक्षण गरिएको छ । सोको अतिरिक्त ४२ सङ्गठित संस्थाको लेखापरीक्षणका लागि परामर्श उपलब्ध गराएबमोजिम रू १५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षण भएको महालेखाले जनाएको छ । वित्तीय लेखापरीक्षणको अतिरिक्त ११ विषयको कार्यमूलक, एक विषयको वातावरणीय, एक विषयको सूचना प्रविधि र दुई विषयको विशेष लेखापरीक्षण गरिएको जनाइएको छ ।

अघिल्लो आर्थिक वर्ष २०७९/८० वर्षसम्मको बाँकी बेरूजु रू छ खर्ब ६९ अर्ब ८६ करोड रहेकोमा समायोजन तथा फछ्र्यौट गरिएको अङ्क घटाई यो वर्षको थपसमेत रू सात खर्ब ३३ अर्ब १९ करोड बेरूजु बाँकी रहेको छ । त्यस्तै लेखापरीक्षणका क्रममा तथा सम्परीक्षणबाट यो वर्ष रू १४ अर्ब ४८ करोड असुल भएको महालेखाले जनाएको छ ।

कारबाही गरी टुङ्गो लगाउनुपर्ने रू पाँच खर्ब ५१ अर्ब दुई करोड रहेकोमध्ये राजस्व बक्यौता रू चार खर्ब ७२ अर्ब ३५ करोड, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान रू छ अर्ब २५ करोड, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण रू १४ अर्ब ३३ करोड, जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज रू ४९ अर्ब ३७ करोड र लेखापरीक्षण बक्यौता रू आठ अर्ब ७१ करोड रहेको छ ।

प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा एक दशमलव ३६ प्रतिशत बेरूजु कायम भएकामा सबैभन्दा बढी मधेस प्रदेशको दुई दशमलव ५७ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको शून्य दशमलव ८२ प्रतिशत रहेको छ ।

स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा दुई दशमलव २६ प्रतिशत बेरूजु कायम भएको छ । यो वर्षको लेखापरीक्षणबाट पाँच प्रतिशतभन्दा कम बेरूजु हुने स्थानीय तह ६९२ वटा रहेका छन् ।

त्यस्तै, पाँचदेखि १५ प्रतिशतसम्म बेरूजु हुने ६८ र १५ प्रतिशतभन्दा बढी बेरूजु हुने एक स्थानीय तह रहेको छ ।

त्यस्तै, यो वर्ष तीन हजार ९३ सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकामा एक हजार १०५ कार्यालय अर्थात् ३५ दशमलव ७३ प्रतिशतमा उल्लेख्य बेरूजु नदेखिएको प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी प्रदेश सरकारी कार्यालयतर्फ एक हजार १६५ निकायको लेखापरीक्षण गरेकोमा ३३३ कार्यालय अर्थात् २८ दशमलव ५८ प्रतिशतमा उल्लेख्य बेरूजु देखिएन । सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट रू १४ अर्ब ४८ करोड ४१ लाख असुल गराएको पनि महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

अर्थ मन्त्रालयले विभिन्न शीर्षकमा दिँदै आएको राजस्व छुटमा महालेखाले प्रश्न उठाएको छ । "भन्सार विभागको तथ्याङ्क प्रणाली (आसिकुडा) को तथ्याङ्कअनुसार २०८०/८१ मा भन्सार राजस्वतर्फ रू ७९ अर्ब ८७ करोड ३९ लाख छुट दिएको देखिन्छ । आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फसमेत छुट दिएकामा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्", प्रतिवेदनमा भनिएको छ । साफ्टा सुविधाअन्तर्गत मालवस्तु पैठारी गर्दा भन्सार महसुल रू चार अर्ब ८७ करोड ९९ लाख र मूल्य अभिवृद्धि करसमेत छुट भएको देखिएको महालेखाले उल्लेख गरेको छ ।

"अर्थ मन्त्रालयले २०८० फागुन मसान्तसम्म विभिन्न मन्त्रालय, विभाग, स्थानीय तह, संस्थानसमेतको रू ३४ अर्ब २७ करोड ५२ लाख पैठारी मूल्यमा रू छ अर्ब ६० करोड ९९ लाखसमेत विगत चार वर्षमा रू २० अर्ब ६२ करोड ६९ लाख राजस्व छुट दिएको छ । वैदेशिक ऋण वा अनुदानमा सञ्चालित आयोजनाका लागि आयोजना विकास सम्झौताको सर्तको अधीनमा रही रू ४३ अर्ब ५६ करोड ४८ लाख ३० हजार पैठारी मूल्यका मालवस्तुमा रू सात अर्ब ५२ करोड ९८ लाख ८५ हजार राजस्व छुट दिएको देखिन्छ", महालेखाको प्रतिवेदनमा भनिएको छ, "यसरी सुविधामा पैठारी हुने सामग्री तथा उपकरणमा लाग्ने राजस्व छुट दिएको वस्तु तथा रकमको अद्यावधिक अभिलेख अर्थ मन्त्रालयले राखेको छैन ।"

सम्बन्धित आयोजनाले बोलपत्र आह्वान गर्नुअगावै मास्टरलिष्ट स्वीकृत गराएको अवस्थामा मात्र छुट दिने र सुविधामा पैठारी भएका मालवस्तुको उपयोग सोही आयोजनामा भए/नभएको अनुगमनसमेत हुनुपर्ने व्यवस्था मिलाउन महालेखाले सुझाव दिएको छ । पछिल्ला वर्षमा राजस्व छुटको दायरा बढ्दै गएकाले सोको प्रभाव विश्लेषण गर्नुका साथै राजस्व छुटको एकीकृत तथ्याङ्क संसद्मा पेसगरी पारदर्शिता कायम गर्न भनिएको छ ।

# 'मधेसलाई सूचना प्रविधिको हब बनाउन सकिन्छ'

धनुषाधाम, १ जेठ (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेस-प्रदेशलाई सूचना प्रविधिको 'हब' बनाउन सकिने बताउनुभएको छ ।

बुधबार महोत्तरीको बर्दिबासमा आयोजित 'डिजिटल मधेस कन्क्लेभ २०२५' को पहिलो संस्करणमा उहाँले चालु आर्थिक वर्षको बजेटमै प्रदेशमा आइटी पार्कको योजना राखिएको र काम सुरु भइसकेको जानकारी दिनुभयो । "इनोभेसन सेन्टर, स्पेस सेन्टरको अवधारणा पनि बजेटमा समावेश भएको र विस्तारै काम अघि बढ्दैछ," उहाँले भन्नुभयो ।

मुख्यमन्त्री सिंहले सरकारी सेवा प्रणालीलाई कागजरहित बनाउने अवधारणा व्यवहारमा उतार्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "पेपरलेस सिस्टम ल्याउने कुरा भाषणमा मात्रै सीमित हुनुहुँदैन, कार्यान्वयनमै जानुपर्छ ।"

सूचना प्रविधिको युगमा युद्धसमेत प्रविधिमैत्री भइसकेको उल्लेख गर्दै उहाँले अब प्रविधिलाई कसरी अङ्गिकार गर्ने भन्ने विषय गम्भीर रुपमा लिनुपर्ने बताउनुभयो । केही समय अघि घ प्रदेशको स्वास्थ्य क्षेत्र सुधारका निम्ति अस्पताल अनुगमनमा कडाइ गर्नुभएका उहाँ हाल शिक्षा सुधार अभियानमा लाग्नुभएको छ । गत सोमबारबाटै उहाँले सामुदायिक विद्यालय अनुगमन सुरु गर्नुभएको छ ।

उहाँले नेपालका दूरसञ्चार कम्पनीले ग्राहकलाई ठगिरहेको आरोपसमेत लगाउनुभयो । मधेस प्रदेशका आठ जिल्लामा ती कम्पनीले राम्रो सेवा दिन नसकेको उहाँको भनाइ छ ।

मुख्यमन्त्री सिंहले नेपाली सूचना प्रविधि कम्पनीलाई विदेशी कम्पनीसँग सहकार्य गरेर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो, "सूचना प्रविधिको यस्तो सेवा छ, जुन एउटै भवनभित्र विभिन्न सेवा प्रदान गर्न सक्छ ।" उहाँले सूचना प्रविधिमा काम गर्ने कम्पनीलाई मधेसमा काम गर्ने वातावरण तयार पार्ने प्रयास भइरहेको जनाउनुभयो ।

कार्यक्रममा गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले मधेसमा सूचना प्रविधिको विकासका लागि सूचना प्रविधि प्रतिष्ठान तथा विज्ञान प्रविधि अध्ययन केन्द्र

बाँकी तीन पृष्ठमा

# हिमाल बचाउ अभियानका लागि सगरमाथा संवाद

**शङ्करदास बैरागी**

काठमाडौँ, १ जेठ (रासस)।

नेपालले अन्तरराष्ट्रियस्तरमा विश्व शान्ति, मानव कल्याणका क्षेत्रमा बनाएको विशिष्ट पहिचानलाई सगरमाथा संवादमार्फत उजागर गर्ने अवसर पाएको छ। असंलग्न परराष्ट्र नीति, तटस्थ दृष्टिकोण र साझा विषयमा साझा ढङ्गबाटै समाधान खोज्दै आएको नेपालले यसलाई सगरमाथा संवादको माध्यमबाट अन्तरराष्ट्रिय जगतमा मुखरित गर्नेछ। आज विश्वव्यापी रूपमै विकासको समस्याको रूपमा रहेको जलवायु परिवर्तनबाट सिर्जित चुनौतीले सङ्कटको रूप लिनथालेको छ। हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका नगन्य रहे पनि नेपालले त्यसबाट सिर्जित समस्या भने प्रत्यक्षरूपमा भोग्नु परेको छ। एकातिर हामीले विश्वको वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेलिरहेका छौँ भने अर्कोतिर हामी नै जलवायु परिवर्तनको समस्याबाट प्रभावित बन्नुपरेको अवस्था छ। यसर्थ, जलवायु न्यायअन्तर्गत नेपालले वित्तीय तथा प्राविधिक सहयोगका लागि विश्वसामु आफ्नो दाबी प्रस्तुत गर्नका लागि सगरमाथा संवाद महत्वपूर्ण थलो बन्न सक्छ।

अन्तरराष्ट्रिय तहमा नेपालले खेल्ने भूमिकाअन्तर्गत नेपालले पहाडी राष्ट्रको गठबन्धनलाई नेतृत्व दिन सक्दछ। नेपाल विश्वका अति कम विकसित राष्ट्रहरुको समूहको अध्यक्ष राष्ट्रसमेत भएकाले पर्वतीय देशहरुको समूहलाई नेतृत्व गर्नसक्छ। पहाड बचाउ अभियान सञ्चालन गरी हामीजस्तै पर्वतीय मुलुकका आवाजलाई सङ्गठित गर्न सकिएमा एकातिर नेपालले भोग्नुपरेका समस्याको समाधानमा अन्तराष्ट्रिय ध्यानाकर्षण गराउन सकिन्छ भने अर्कोतिर कुटनीतिक क्षेत्रमा पनि आफ्नो प्रभाव राख्ने महत्वपूर्ण अवसर बन्न सक्छ। यसबाट हिमालको पक्षमा अन्तरराष्ट्रिय जनमत बनाउन सकियो भने यहाँको विकासका लागि आर्थिक स्रोत अभिवृद्धि हुनसक्छ।

जलवायु परिवर्तनका कारण भएको प्राकृतिक विपद्हरुबाट नेपालले ठूलो हानी नोक्सानी व्यहोर्नु परेको छ। धनी राष्ट्रहरुले गरेको प्रतिवद्धताअनुसार हानी नोक्सानी कोषमा झण्डै ९७ प्रतिशत अपुग रहेको छ। जलवायु परिवर्तनसम्बन्धी विश्वमा जति पनि कोष स्थापना गरिएका छन्, त्यसबाट लाभ लिनका लागि स्तरीय प्रस्ताव बनाउनुपर्ने हुन्छ। हामीसँग पनि कुन क्षेत्रमा के कति हानी नोक्सानी भएको छ भने भन्न सक्ने वास्तविक तथ्याङ्कको अभावका कारण त्यसअनुसार दावी गर्न सकिएको छैन। क्षति एवं नोक्सानी कोषबाट सहायता प्राप्त गर्न तत्कालै विभिन्न क्षेत्रमा भएको हानी नोक्सानीको विवरण तयार गरी अध्यावधिक गर्नुपर्ने हुन्छ। अन्तरराष्ट्रिय जलवायु वित्त प्रणालीमा सहज पहुँचका लागि आवाज उठाउन पहल गरी हानी तथा नोक्सानी कोषमा पर्याप्त रकम जुटाउन अन्य राष्ट्रहरु समेतको सहयोगमा आवाज मुखरित गराउने अवसरको रूपमा पनि सगरमाथा संवादलाई उपयोग गर्नुपर्ने हुन्छ।

जलवायु परिवर्तनको विषय बहुआयामिक क्षेत्र भएकाले यसलाई त्यही रूपमा लिनुपर्छ। यो प्राविधिक विषय मात्र नभई आर्थिक, सामाजिक र कुटनीतिक विषय पनि भएकाले जलवायु परिवर्तनसम्बन्धी वार्ताका लागि कूटनीतिक क्षमता अभिवृद्धि हुनुपर्ने हुन्छ। यसका लागि हाम्रो जलवायु कुटनीति स्पष्ट हुन आवश्यक छ। नेपालका आफ्नो दृष्टिकोणहरुलाई अन्तरराष्ट्रिय मञ्चमा लैजान कुटनीतिक रूपमा दरिलो हुनुपर्छ। जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरुको विश्व सम्मेलनमा सम्बन्धित देशमा रहेका नेपाली राजदूतलाई पनि सहभागी गराउन आवश्यक छ। जलवायु परिवर्तनको अवस्था, यसले पारिरहेको प्रभाव र आगामी दिनमा नेपालले लिनुपर्ने रणनीतिका सम्बन्धमा सामूहिक आवाज बन्नसके मात्र नेपालले फाइदा लिन सक्छ।

जलवायु परिवर्तनलाई 'समग्र राष्ट्रको एक अवधारणा' अन्तर्गत हेर्नुपर्ने हुन्छ। सरकारका सबै निकायबीच प्रभावकारी समन्वय कायम हुनुपर्ने। जलवायु परिवर्तनको विषय हेर्न राष्ट्रियरूपमा एउटा स्थायी र सशक्त वार्ता टोली गठन गर्ने वा उच्चस्तरीय कार्यकारी निकायको व्यवस्था गर्ने वा आवश्यकताअनुसार जलवायु परिवर्तन हेर्ने गरी विशेष प्रतिनिधि तोक्नुपर्ने देखिन्छ। मन्त्रालयको एउटा महाशाखाको रूपमा मात्र नराखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्अन्तर्गत पनि राख्न सकिएला। त्यसो हुन सकेमा संस्थागत सुदृढीकरण गरी जलवायु वित्तबाट सहायता प्राप्त गर्न प्रस्ताव तयारी र पैरवी गर्न सक्ने गरी क्षमता विकासमा सहयोग पुग्दछ। नेपालले सन् २०४५ सम्म कार्बन न्यूट्रल अर्थतन्त्रमा जान्छौँ भनेर प्रतिवेदन बुझाइसकेका छौँ। ती लक्ष्य हासिल गर्न तीनै तहका सरकारका नीति कार्यक्रम र योजनामा एकीकृत दृष्टिकोण आउन जरुरी छ। तत्कालै राष्ट्रिय रूपमा निर्धारित योगदान र राष्ट्रिय अनुकूलन योजनालाई सबै तहका सरकारको नीति कार्यक्रम र बजेटमा समावेश गरी प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

यसैगरी नेपालले नवीकरणीय ऊर्जा, प्रकृतिमा आधारित जलवायु परिवर्तन व्यवस्थापन, जल कूटनीति, वातावरणमैत्री पूर्वाधार, पर्या-पर्यटन र सांस्कृतिक धरोहरको संरक्षण, स्थानीय नेतृत्वको अनुकूलन र समुदायमा आधारित प्राकृतिक स्रोतको व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने अवस्था रहेको छ। यसलाई सरकारले गम्भीरताका साथ आफ्ना नीति, कार्यक्रम र योजनामा समावेश गरी विषेशगरी विपन्न तथा पछाडि परेका र जलवायु परिवर्तनको उच्च जोखिममा रहेका समुदायको सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ।

अब नेपालले हिमालसँगै समुन्द्रको विषयलाई पनि सँगै जोडेर पैरवी गर्नुपर्ने हुन्छ। क्षेत्रीय सहयोगअन्तर्गत पहाड र समुन्द्रबीचको अन्तरसम्बन्धमा अध्ययन गर्न आवश्यक छ। जल, कृषि, स्वास्थ्य र जैविक विविधता सम्बन्धमा क्षेत्रीयस्तरमा अध्ययन नहुँदा यसले विश्वको ध्यानाकर्षण गराउन सकेको छैन। उपक्षेत्रीय तहमा जलवायु गठबन्धन गठन गरी सम्भव भएसम्म जलवायु परिवर्तनका सम्बन्धमा क्षेत्रीय धारणा तयार गर्न नेपालले पहल गर्नुपर्छ। जलवायु परिवर्तनका कारण हिमालमा पर्ने असरबाट तल्लोतटीय क्षेत्रको जलस्रोत, कृषि, जनजीविका, जैविध विविधतामा प्रत्यक्ष प्रभाव पर्नुको साथै समुन्द्रमा पनि असर पर्ने हुँदा यसलाई जोडेर हेर्न सकिएमा विश्वको ध्यानाकर्षण गर्न बल पुग्दछ। अहिले नै झण्डै दुई अर्ब जनसङ्ख्या यसबाट प्रत्यक्ष प्रभावित हुने अवस्था छ। जलवायु परिवर्तनको विषय पृथ्वीको स्वास्थ्यसँग मात्र जोडिएको छैन, भविष्यका सन्ततिको अधिकारसँग पनि जोडिएको कुरा हो।

नेपालले वातावरणीय सन्तुलन र संरक्षणका लागि पुऱ्याएको योगदानलाई उजागर गर्दै नेपालले त्यसवापत सुविधा पाउनुपर्ने पक्षमा दरिलो वकालत गर्न सकेको छैन। वातावरणीय जोखिमका आधारमा जलवायु वित्त तथा प्राविधिक सहयोग प्राप्त गर्न पहल गर्नु जरुरी भएको छ। पेरिस सम्झौताको कार्यान्वयन तथा उच्चस्तरको जलवायु कार्यका लागि कदम चाल्न औद्योगिक राष्ट्रहरुलाई जोडदार रूपमा आग्रह गर्नुपर्ने हुन्छ। प्रमाण र तथ्यमा आधारित नेपालको जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय अवधारणा तयार नगरेसम्म हाम्रा माग वा दावी फितलो हुन्छ। राष्ट्रिय क्षमता विकासमा जोड दिन र अन्तरराष्ट्रियस्तरमा जलवायु सम्बन्धमा मुख्य कार्बन उत्सर्जन गर्ने राष्ट्रहरूको उत्तरदायित्व स्थापित गराउनेतर्फ कूटनीतिक प्रयासमा जोड दिनुपर्छ। जलवायु परिवर्तनको सम्बन्धमा ढिलो न्याय दिनु भनेको मानिसको अस्तित्वकै अस्वीकृति हो भन्ने मान्यतालाई जोडदाररूपमा अघि बढाउँदै प्रमुख कार्बन उत्सर्जन गर्ने राष्ट्रहरुले यस सम्बन्धमा नैतिक, राजनीतिक र वित्तीय दायित्व वहन गर्नुपर्छ भन्ने कुरालाई जोडदारका साथ उठाउन आवश्यक छ। आगामी दिनमा जलवायु वार्ताका लागि अवलम्बन गर्ने रणनीति तयार गर्नसमेत सगरमाथा संवादले सहयोग पुग्नेछ।

सगरमाथा संवादको पूर्वसन्ध्यामा सामाजिक-आर्थिक नीतिका बारेमा अध्ययन, अनुसन्धान एवं अन्तरक्रिया गर्दै आइरहेको प्राज्ञिक संस्था इन्स्टिच्युट फर स्ट्राटेजिक एण्ड सोसियो-इकोनोमिक रिसर्च (आइएसएसआर)को आयोजनामा गत वैशाख १८ र १९ गते काठमाडौँमा 'जलवायु परिवर्तनसम्बन्धी बहु-सरोकारवाला सम्वाद : नेपालका लागि रणनीतिक आवाज' विषयक दुईदिने सम्मेलनको आयोजना गरिएको थियो। जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय फोरममा नेपालले प्रस्तुत गर्ने धारणा एवं वार्ता र सम्झौताका चरणमा राख्ने अडान एवं दृष्टिकोणलाई टेवा पुऱ्याउने उद्देश्यले आयोजना गरिएको यस सम्मेलनमा कार्बनमुक्त अर्थतन्त्रका लागि ऊर्जा, जल व्यवस्थापन, दिगो वन व्यवस्थापन, औद्योगिक क्षेत्र, निर्माण क्षेत्र, कृषि क्षेत्र, यातायात क्षेत्र, फोहोर व्यवस्थापन, सहरी विकास र चक्रीय अर्थतन्त्रका बारेमा छलफल भएको थियो। (*प्रस्तुत विचार नेपाल सरकारका पूर्व मुख्यसचिव तथा आइएसएसआरका अध्यक्ष बैरागीसँग राससका कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित*)

---

**'मधेसलाई सूचना...**

स्थापना गर्न आवश्यक रहेको धारणा राख्नुभयो।

मधेस प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा सोहनप्रसाद साहले 'डिजिटल मधेस' का लागि पाँच डी (डिजिटल, डायस्पोरा, डेमोग्राफी, डिसेन्ट्राइजेसन, डेमोक्रेसी)बीच सन्तुलन आवश्यक रहेको बताउनुभयो। उहाँले प्रविधि तथा ज्ञान हस्तान्तरणका लागि विदेशी विश्वविद्यालयसँग सहकार्य, तथ्याङ्क सुरक्षा र नागरिकलाई प्रविधिमैत्री बनाउन डिजिटल साक्षरता बढाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा सूचना प्रविधि विज्ञ विवेक राणाले 'मधेस कसरी डिजिटल बन्न सक्छ' भन्ने विषयमा कार्यपत्र प्रस्तुति गर्नुभएको थियो। आइसिटी फाउन्डेसनका अध्यक्ष राजन लम्सालले कार्यक्रमले प्रदेश सरकारको आगामी नीति कार्यक्रम र बजेट निर्माण गर्दा प्रविधिमैत्री गरिने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रमको आयोजना मधेस प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्रालयले गरेको हो।

---

## विश्व समाचार

### दक्षिणी गाजा सहरमा रातभर भएको हवाई आक्रमणमा ५४ जनाको मृत्यु

खान युनिस (गाजा पट्टी), १ जेठ (रासस/एपी)।

दक्षिणी गाजाको एक अस्पतालमा खान युनिस सहरमा रातभर गरिएको हवाई आक्रमणमा ५४ जनाको मृत्यु भएको बताइएको छ।

खान युनिसका एसोसिएटेड प्रेसका क्यामेराम्यानले बिहीबारसम्म रातभर सहरमा १० वटा हवाई आक्रमण गन्ती गरे र सहरको नासेर अस्पतालको शवगृहमा धेरै शव लगिएको देखे। केही शव टुक्रा टुक्रामा आइपुगेको र केही शव बोरामा धेरै व्यक्तिको अवशेषहरू थिए। अस्पतालको शवगृहले ५४ जनाको मृत्यु भएको पुष्टि गरेको छ।

उत्तरी र दक्षिणी गाजामा बुधबार गरिएको हवाई आक्रमणमा करिब दुई दर्जन बालबालिकासहित कम्तीमा ७० जनाको मृत्यु भएपछि यो भारी बम विस्फोटको दोस्रो रात थियो।

यी आक्रमणहरू अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यपूर्वको भ्रमण गरिरहेका बेला भएका हुन्। उहाँले खाडी देशहरूको भ्रमण गरिरहनुभएको छ तर इजरायल भने जानुहुनेछैन। ट्रम्पको क्षेत्रीय भ्रमणले युद्धविराम सम्झौता वा गाजामा मानवीय सहायता पुनर्नवीकरण गर्न सक्ने व्यापक आशा थियो। त्यस क्षेत्रमाथिको इजरायली नाकाबन्दी अब तेस्रो महिनामा छ।

### रुस-युक्रेन वार्तामा प्रगति भएमा टर्की जान सक्ने ट्रम्पको घोषणा

दोहा, १ जेठ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार यदि प्रगति भयो भने उहाँ अझै पनि तीन वर्षभन्दा बढी युद्धको अन्त्य गर्ने उद्देश्यले गरिने पहिलो प्रत्यक्ष रूस-युक्रेन वार्ताका लागि टर्की जान सक्ने बताउनुभएको छ।

"तपाईंलाई थाहा छ, यदि केही भयो भने, यदि उचित भयो भने म शुक्रबार जानेछु", ट्रम्पले कतारमा भन्नुभयो, "हामी विश्वलाई मनोवैज्ञानिक रूपमा मद्दत गर्न सक्छौँ। त्यसैले हामीलाई लाग्छ कि हामी रुस/युक्रेनसँग राम्रो गर्न जाँदैछौँ।"

उहाँले एक दिनअघि रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आएमा वार्ताका लागि टर्की जाने बताउनुभएको थियो।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले पुटिनलाई आउन उहाँ शान्तिका बारेमा गम्भीर रहेको छ भन्ने प्रमाणित गर्न आह्वान गरेको भए पनि रूसले त्यसको सट्टा कनिष्ठ प्रतिनिधिमण्डल पठाउँदैछ।

पुटिन अनुपस्थित हुनुमा आफू आश्चर्यचकित नभएको भन्दै ट्रम्पले भन्नुभयो, "यदि म जाँदिनँ भने उहाँ किन जानुहुन्छ ?"

पदभार सम्हालेपछि ट्रम्पले तुरुन्तै युद्ध अन्त्य गर्ने वाचा गर्नुभएको थियो तर रूसले युक्रेनले समर्थन गरेको ३० दिनको बिना शर्त युद्धविरामको अमेरिकी प्रस्तावलाई अस्वीकार गरेको थियो।

युक्रेन र अमेरिकी प्रशासनबीचको सम्बन्ध सुधारिएको भए पनि कतारमा फेरि ट्रम्पले जेलेन्स्कीका बारेमा हेपेर बोल्नुभयो। जेलेन्स्कीले पूर्व अमेरिकी राष्ट्रपति जो बाइडेनसँग अर्बौं डलर सैन्य सहायता प्राप्त गर्न नजिकबाट काम गर्नुभएको थियो।

"मलाई लाग्छ उहाँ सायद इतिहासकै सबैभन्दा महान् सेल्समेन हुनुहुन्छ", ट्रम्पले जेलेन्स्कीको बारेमा भन्नुभयो। जेलेन्स्कीको फेब्रुअरी २८ मा ह्वाइट हाउसमा ट्रम्प र उपराष्ट्रपति जेडी भान्ससँग तनावपूर्ण भिडन्त भएको थियो।

आफ्नो प्रशासनले कसरी युक्रेनलाई सैन्य सहायता कटौती गरेको छ भनेर उल्लेख गर्दै ट्रम्पले भन्नुभयो, "यो यति सजिलो थियो, बच्चाबाट क्यान्डी लिनु जस्तै।"

अमेरिकी राष्ट्रपति तीन राष्ट्रको खाडी भ्रमणमा हुनुहुन्छ। भ्रमणको क्रममा उहाँ बिहीबार पछि संयुक्त अरब इमिरेट्स पनि जाँदै हुनुहुन्छ।

ट्रम्पले यो यात्राले टर्की जान 'धेरै कठिन' बनाएको बताउनुभयो। यद्यपि उहाँले विदेशमन्त्री मार्को रुबियो त्यो देशमा गएको बताउनुभयो। "उहाँले अद्भुत काम गरिरहनुभएको छ। मार्को त्यहाँ हुनुहुन्छ", उहाँले भन्नुभयो।

### इजरायली सेनाद्वारा गाजा सहरको वरपर निकारी आदेश जारी

जेरुसेलम, १ जेठ (रासस/सिन्ह्वा)।

इजरायली रक्षा बल (आइडिएफ) ले बुधबार साँझ चेतावनी जारी गर्दै इजरायली आक्रमणअघि गाजा सहरको पश्चिममा रहेको अल-रिमल वरपरका क्षेत्र तत्काल खाली गर्न आग्रह गरेको छ।

आइडिएफ अरबी भाषाका प्रवक्ता अविचाय अद्राईले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा प्रकाशित चेतावनीमा संलग्न नक्सा अनुसार चेतावनी दिइएको स्थानहरूमा विद्यालय र अस्पताल परिसरहरू समावेश छन्।

अद्राईले हमासले 'आतङ्कवादी गतिविधिहरू' का लागि यी नागरिक क्षेत्रहरूको शोषण गरिरहेको उल्लेख गर्दै आइडिएफले ठूलो बलका साथ क्षेत्रहरूमा आक्रमण गर्ने पुष्टि गर्नुभयो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले हमासलाई पराजित गर्ने प्रयासका साथ अगाडि बढ्नका लागि आगामी दिनमा इजरायली सेना 'पूर्ण बलका साथ' गाजामा प्रवेश गर्ने मङ्गलबार चेतावनी दिएपछि निकासी आदेश आएको हो।

# दुध बिक्रि गरे वापतको भुक्तानी नपाएको भन्दै पहल गरिदिन प्रजिअलाई आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

दुध उत्पादक सहकारी संघ लि. अग्निसाइर कृष्णासवरण गाउँपालिका ६ महुलीले किसानहरुले उत्पादन गरेको दुध संकलन गरि विभिन्न उद्योगलाई विक्री वितरण गर्दै आएकोमा ती उद्योगहरुले विगत ७ महिनादेखी भुक्तानी नदिएको भन्दै रकम उपलब्ध गराइदिन माग गर्दै जिल्ला प्रशासन कार्यालयमार्फत अनुरोध गरेको छ ।

संस्थाका अध्यक्ष दिपेन्द्र कुमार आचार्यको नेतृत्वमा विहीवार जिल्ला प्रशासन कार्यालय सप्तरी पुगेका भुक्तानी पाउन बाँकी रहेकाहरुको एक टोलीले लामो समयदेखी भुक्तानी पाउँन नसक्दा किसानहरु विचलित भई पेशा व्यवसायवाट पलायन हुने अवस्था आएकोले किसानको दुधको रकम भुक्तानीका लागि आवश्यक सहयोगका गर्न प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गरेको हो ।

प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई बुझाइएको अनुरोध पत्रमा पाँच वटा सहकारी संस्थाले लाखौं रकम बराबरको दुध बिक्रि गरेपनि अझै भुक्तानी पाउन नसकेको भन्दै आवश्यक पहल गरिदिन अनुरोध गरिएको छ ।

सोही पत्रमा आदर्श बहुमुखी दुग्ध उत्पादक सहकारी सस्था ली. महुलीलाई विगत सात महिनादेखी बिराटनगर दुग्ध बितरण आयोजनाले २ करोड ५५ लाख ५५ हजार ७ सय ३३ रुपैया र मिलन डेरी उद्योगले विगत २ वर्षदेखी ४ लाख ३१ हजार ४ सय ८० भुक्तानी नदिएको जनाइएको छ ।

त्यस्तै राम नगर कृषि सहकारी संस्था ली. बलान बिहुललाई सन्तोषि डेरी उद्योग लहानले ४ लाख ४७ हजार ९ सय ६४ रुँपैया तथा मनकामना वहुमुखी सहकारी संस्था ली फक्तेपुरलाई हिमाल डेरी उद्योग धरानले २९ लाख १४ हजार ८ सय ७१ र बाबा बैजनाथ पेडा भण्डार बरमझियाले ९ लाख ८० हजार ७ सय २१ रुँपैया तिर्न बाँकी रहेको उल्लेख छ ।

यसैगरि किसान बचत तथा ऋण सहकारी संस्था ली. बिरेन्द्रबजारलाई छिन्नमस्ता डेरी उद्योग राजविराजले ३ लाख ५० हजार र जयकिशोर यादवले २ लाख ३५ हजार तथा त्रियुगा बहुमुखी सहकारी संस्था ली. फक्तेपुरलाई बिराटनगर दुग्ध बितरण आयोजना (आदर्श सहकारी मार्फत) ९ लाख १९ हजार ३२ रुँपैया तिर्न बाँकी रहेको उल्लेख छ ।

# पूर्वमन्त्री बस्नेतसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर

काठमाडौं, १ जेठ (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एण्ड फ्रड कन्ट्रोल सिस्टम' (टेरामक्स) खरिद प्रक्रियामा अनियमितता गरेको आरोपमा तत्कालीन सूचना तथा सञ्चारमन्त्री एवं प्रतिनिधिसभाका सांसद मोहनबहादुर बस्नेतसहित १६ जनाविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

अख्तियारले नेपाल दूरसञ्चार प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झा, प्राधिकरणका तत्कालीन सदस्य धनराज ज्ञवाली र टीकाप्रसाद उप्रेती, प्राधिकरणका तत्कालीन अध्यक्ष पुरुषोत्तम खनाल, प्राधिकरणका निर्देशक विजयकुमार राय, उपनिर्देशक रेवतीराम पन्थ, सुरेश बस्नेत, हिरण्यप्रसाद बस्ताकोटी र अच्युतानन्द मिश्रविरुद्ध मुद्दा दायर गरेको हो ।

प्राधिकरणका निर्देशक सुरेन्द्रलाल हाडा र दिपेश आचार्य एवं उपनिर्देशक सन्दिप अधिकारी, परामर्शदाता कम्पनीका प्रमुख कार्यकारी अधिकृत जमल अनौती, सोही कम्पनीका स्थानीय प्रतिनिधि दिलीपकुमार गुरुङ र निर्देशक तेजप्रसाद खरेलविरुद्धसमेत मुद्दा दायर भएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

आयोगले तत्कालीन सञ्चारमन्त्री बस्नेत आरोपी सबै जनाविरुद्ध जनही रु तीन अर्ब २१ करोड, ८३ लाख, ७७ हजार १८२ बिगो मागदाबी गरेको छ । आयोगले दूरसञ्चार प्राधिकरणमा विचाराधीन रही बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय नभइसकेको अवस्थामा तत्कालीन मन्त्रीले पदीय अधिकारको दूरुपयोग गरी एकलौटी रूपमा प्राधिकरणले प्रस्ताव नगरेको थप कार्यक्रम समावेश गरी संस्थालाई हानीनोक्सानी पुऱ्याउने पृष्ठभूमि तयार गरेको, टेरामक्स खरिद कार्य पूर्वतयारी नगरेको, लागत अनुमान र खरिद गुरुयोजना तयार नगरेकोलयायत आरोप लगाएको छ ।

# नक्कली कागजात बनाउने गिरोह पक्राउ

काठमाडौं, १ जेठ (रासस) ।

सरकारी कार्यालय, स्थानीय तह, बैंक तथा वित्तीय संस्था, शैक्षिक प्रमाणपत्रलगायत कागजात किर्ते गरी नक्कली बनाउने गिरोहका तीन जना पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले काठमाडौंको तारकेश्वर नगरपालिका-७ फुटुङबाट उनीहरूलाई पक्राउ गरेको हो ।

प्रहरीले नक्कली कागजात बनाउने गोरखाको भीमसेन गाउँपालिका-१ मसेलकी ४६ वर्षीया अञ्जनी बयलकोटी, ओखलढुङ्गाको चम्पादेवी गाउँपालिका-७ का २८ वर्षीय निर्मल खड्का र मकवानपुरको कैलाश गाउँपालिका-२ छचाङ्ढुङ्का २३ वर्षीया अञ्जु खत्रीलाई किर्ते कागजातसहित पक्राउ गरेको हो ।

निजहरुलाई आवश्यक कारबाहीका लागि बिहीबार जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको कार्यालयका प्रवक्ता काजीकुमार आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार पक्राउ परेकी बयलकोटीले आठ वर्षदेखि सरकारी तथा गैरसरकारी कार्यालयका कागजात, विभिन्न स्थानीय तहको सिफारिस पत्र, विभिन्न शैक्षिक संस्थाका प्रमाणपत्र, जग्गाधनी पुर्जा, सवारीचालक अनुमतिपत्रलगायत कागजात किर्ते गरी प्रयोग तथा प्रचलनमा ल्याउने गरेको अनुसन्धानबाट खुलेको छ ।

निजले फुटुङमा कोठा भाडामा लिई नक्कली कागजात डिजाइन गर्न दुई जना सहयोगीलाई मासिक रु १० देखि रु १५ हजारसम्म तलब दिई कार्यालय सञ्चालन गरेकी पाइएको प्रहरीले जनाएको छ ।

बैंकबाट ऋण लिने प्रयोजनार्थ नक्कली जग्गाधनी पुर्जा बनाइदिने गरेको अनुसन्धानबाट खुल्न आएको प्रवक्ता आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार पक्राउ परेकाहरूले विद्यार्थी भिसामा जापान जानेहरूका लागि सहकारी संस्थाका 'स्टेटमेन्ट'समेत बनाएर कुरियरमार्फत पठाउने गरेका पाइएको छ ।

उनीहरूले विभिन्न शैक्षिक संस्था तथा सरकारी कार्यालयका 'होलोग्राम'हरू आवश्यकताअनुसार उपलब्ध गराउने, जापानलगयत विभिन्न देशमा कामदार भिसामा जानका लागि विभिन्न तहको शैक्षिक प्रमाणपत्र तथा अनुभवपत्र बनाइदिने गरेको अनुसन्धानबाट खुलेको छ ।

प्रहरीले उनीहरूका साथबाट नक्कली जग्गाधनी प्रमाणपुर्जा, विभिन्न तहका शैक्षिक प्रमाणपत्र, बैंक तथा सहकारीका लेटरप्याड, छाप, कम्प्युटर, प्रिन्टरलगातय सामग्री बरामत गरेको छ ।

# स्वास्थ्य संस्था सञ्चालन मापदण्ड परिमार्जन गर्नसमिति गठन

काठमाडौं, १ जेठ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य संस्था सञ्चालन मापदण्ड परिमार्जन गर्न गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा सरोज शर्माको संयोजकत्वमा समिति गठन गरेको छ ।

हाल कार्यान्वयनमा रहेको स्वास्थ्य सञ्चालन मापदण्ड २०७७ र स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका २०७० लाई परिमार्जन गर्नका लागि समिति गठन गरिएको मन्त्रालयले जनाएको छ ।

गठित समितिमा मन्त्रालयका एघारौं तहका सहसचिव डा. अनुप बास्तोला, वीर अस्पतालका प्रमुख नर्सिङ प्रशासक रोशनी लक्ष्मी तुईतुई, स्वास्थ्य समन्वय महाशाखाका वरिष्ठ जनस्वास्थ्य अधिकृत डा. समीरकुमार अधिकारी, कानून उप सचिव गोपीकृष्ण रेग्मीलगायत रहनुभएको छ ।

हालको मापदण्डले आँखा अस्पताल, नाक, कान र घाँटी अस्पताल तथा न्युक्लियर मेडिसिन लगायतका स्वास्थ्य संस्थाको मापदण्ड नसमेटेकाले त्यसलाई थप्ने तयारी मन्त्रालयको छ ।

मन्त्रालयले स्वास्थ्य संस्थाको सेवा सुधार तथा प्रभावकारिता ल्याउन तयार पारेका सबै विषयलाई समेटेर मापदण्ड परिमार्जन गर्ने गरी तयारी अघि बढेको जनाइएको छ । कोरोना महामारीपछिको परिवर्तित अवस्थामा स्वास्थ्य सेवा प्रभवकारी बनाउन समेत अहिलेको मापदण्ड परिमार्जन जरुरी रहेकाले मन्त्रालयले प्रक्रिया अघि बढाएको हो ।

# कांग्रेस महामन्त्री शर्मा सगरमाथा आरोहण गर्दै

काठमाडौं, १ जेठ (रासस) ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने हुनुभएको छ । उक्त प्रयोजनका लागि महामन्त्री शर्माले पर्यटन विभागबाट हिमाल आरोहणको अनुमति लिनुभएको पर्यटन विभागले जनाएको छ ।

विभागका निर्देशक हिमाल गौतमका अनुसार वसन्त ऋतुको जारी सगरमाथा आरोहणमा कांग्रेस महामन्त्री शर्माले पर्यटन विभागबाट आरोहण अनुमतिपत्र प्राप्त गर्नुभएको छ ।

वसन्त ऋतुको जारी आरोहणमा हालसम्म ५० भन्दा बढीले सगरमाथा आरोहण गरेको आरोहण एक्सपिडिसन कम्पनीले जनाएका छन् । बिहीबार राति पनि धेरै आरोही चुचुरो पुग्ने योजनामा छन् ।

विभागको तथ्याङ्कअनुसार वसन्त ऋतुको सगरमाथा आरोहणका लागि हालसम्म ४५ आरोही समूहका ४५८ जनाले अनुमति लिएका छन् । सगरमाथासहित २७ हिमालका लागि १२४ समूहका कूल एक हजार एकसय ४० ले अनुमति पाएका हुन् ।

## बिदामा पनि...

मिलाउन वाञ्छनीय भएकाले यस्तो आग्रह गरिएको हो", विज्ञप्तिमा उल्लेख छ ।

यस्तै, शिक्षक र कर्मचारीहरू हाल विद्यालय फर्केर आफ्नो पेसागत दैनिकी सञ्चालन गरिरहेको सन्दर्भमा सबैको निरन्तर सक्रियता, उत्प्रेरित कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिमा विशेष सुधार ल्याउन शिक्षकको अठोटलाई प्रवर्द्धन गर्ने उद्देश्यले विशिष्ट प्रकारको समन्वय, सहकार्य र सहजीकरणको भूमिका निर्वाह गरिदिन सबै स्थानीय तह, विद्यालय तथा सरोकार भएकालाई मन्त्रालयले विशेष अनुरोधसमेत गरेको छ ।

# राष्ट्रिय सहकारी बैंकको विनियम संशोधनका लागि पाँच सदस्यीय कार्यदल गठन

**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

राष्ट्रिय सहकारी बैंक लिमिटेडको विनियम संशोधनका लागि पाँच सदस्यीय कार्यदल गठन गरेको छ ।

बैंकका अध्यक्ष महेन्द्र कुमार गिरीको अध्यक्षतामा मंगलबार र बुधबार बसेको सञ्चालक समितिको बैठकले नियमकीय निकायको सुझाव अनुसार आगामी वार्षिक साधारण सभामा पेस हुने गरी बैंकका सञ्चालक अमृता सुब्बाको संयोजकत्वमा "विनियम संशोधनको कार्यदल" गठन गरेको बैंकले जनाएको छ ।

गठित कार्यदलको सदस्यहरूमा बैंकका सञ्चालकहरू पार्वती थापा मगर, तारा गुरुङ, ध्रुवराज विष्ट र सदस्य सचिवमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई रहेका छन् ।

कार्यदलले बैंकका सदस्यहरू, सरोकारवालासँग छलफल गरी नियमकीय निकायबाट प्राप्त सल्लाह सुझाव अनुसार विनियम संशोधनको मस्यौदा सञ्चालक समिति समक्ष पेस गर्ने बैंकको अध्यक्ष महेन्द्र कुमार गिरीले बताए ।

त्यसैगरी बैंकका सदस्यहरूको आवश्यकतालाई सम्बोधन गर्ने सयन्त्र बनाई आगामी वर्षको कार्यक्रम तथा बजेटमा पेस गर्ने गरी बैंकको रणनीतिक तथा व्यावसायिक योजना अद्यावधिक गरी आगामी कार्यदिशा तय गर्नको लागि बैंकका सञ्चालक विजया धितालको संयोजकत्वमा तीन सदस्य कार्यदल गठन गरेको छ । गठित कार्यदलको सदस्यहरूमा बैंकका सञ्चालकहरू विश्वनाथ मण्डल र काली बहादुर महतरा रहेका छन् ।

कार्यदलले "सदस्य भैटौं, सदस्य सुनौं कार्यक्रम" अन्तर्गत सदस्यहरूबाट प्राप्त सल्लाह सुझावलाई उच्च प्राथमिकता दिएर बैंकको आगामी कार्यदिशा तय गर्नको लागि साधारण सभा समक्ष प्रस्तुत गर्न सञ्चालक समिति समक्ष प्रतिवेदन पेस गर्नेछ ।

बैंकका सञ्चालकहरूको उपस्थितिमा गत चैत्र तथा यही बैशाखमा "सदस्य भैटौं, सदस्य सुनौं कार्यक्रम" अन्तर्गत बैंकको शाखा कार्यालयमार्फत सदस्य सहकारी संघ संस्थाका प्रतिनिधिहरूसँग प्रत्यक्ष भेटघाट गरी छलफल तथा अन्तरक्रिया गरेको थियो ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np